आज मिति २०८२।०९।२८ गते सोमबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा बसेको १८औं नगर सभाको बैठकमा कार्यसूची बमोजिम छलफल गर्न निम्नानुसारका पदाधिकारीहरूको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | लक्ष्मी बहादुर खत्री | का. वडाध्यक्ष वडा नं. १ | |
| ४ | राज कुमार थारु | सदस्य वडा नं. १ | |
| ५ | टोपकला वि.सी. | महिला सदस्य वडा नं. १ | |
| ६ | सिता सुनार | दलित महिला सदस्य वडा नं. १ | |
| ७ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ८ | प्रेम बहादुर रौतार थारू | सदस्य वडा नं. २ | |
| ९ | झिमलाल सापकोटा | सदस्य वडा नं. २ | |
| १० | शान्ता पाण्डे | महिला सदस्य वडा नं. २ | |
| ११ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | |
| १२ | सोमनाथ राना | सदस्य वडा नं. ३ | |
| १३ | चन्द्रावती चौधरी थारु | महिला सदस्य वडा नं. ३ | |
| १४ | गङ्गा देवी सुनार | दलित महिला सदस्य वडा नं. ३ | |
| १५ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| १६ | चिन्कु थारु | सदस्य वडा नं. ४ | |
| १७ | नन्द किशोर थारु | सदस्य वडा नं. ४ | |
| १८ | चन्द्रावती थारु | महिला सदस्य वडा नं. ४ | |
| १९ | कुमारी पवित्रा सार्की | दलित महिला सदस्य वडा नं. ४ | |
| २० | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |

CamScanner

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| २१ | ज्ञान बहादुर कार्की | सदस्य वडा नं. ५ | [signature] |
| २२ | बुध्दु थारू | सदस्य वडा नं. ५ | [signature] |
| २३ | नैन कुमारी थारु | महिला सदस्य वडा नं. ५ | नैन कुमारी |
| २४ | मिना दर्जी | दलित महिला सदस्य वडा नं. ५ | [signature] |
| २५ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | — |
| २६ | गुरू प्रसाद थारु | सदस्य वडा नं. ६ | गुरुप्रसाद |
| २७ | यम बहादुर प्युठानी | सदस्य वडा नं. ६ | [signature] |
| २८ | पसपतिया चौधरी | महिला सदस्य वडा नं. ६ | — |
| २९ | तारा दुतराज | दलित महिला सदस्य वडा नं. ६ | [signature] |
| ३० | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | [signature] |
| ३१ | हरिशंकर पौडेल | सदस्य वडा नं. ७ | [signature] |
| ३२ | मुम बहादुर पाण्डे | सदस्य वडा नं. ७ | — |
| ३३ | सावित्रा थारु | महिला सदस्य वडा नं. ७ | [signature] |
| ३४ | पार्वती सुनार | दलित महिला सदस्य वडा नं. ७ | [signature] |
| ३५ | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | [signature] |
| ३६ | विश्वास जि.सी. | सदस्य वडा नं. ८ | [signature] |
| ३७ | शैलेन्द्र बेल्बासे | सदस्य वडा नं. ८ | [signature] |
| ३८ | जुनादेवी थारू | महिला सदस्य वडा नं. ८ | [signature] |
| ३९ | शारदा परियार | दलित महिला सदस्य वडा नं. ८ | [signature] |
| ४० | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | [signature] |
| ४१ | चुरामणी अर्याल | सदस्य वडा नं. ९ | [signature] |
| ४२ | नुमलाल चौधरी | सदस्य वडा नं. ९ | [signature] |

CamScanner

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ४३ | केशरा गुरुङ | महिला सदस्य वडा नं. ९ | |
| ४४ | गिता कुमारी सुनार | दलित महिला सदस्य वडा नं. ९ | |
| ४५ | यम प्रसाद पोख्रेल | वडाध्यक्ष वडा नं. १० | |
| ४६ | रुप नारायण थारू | सदस्य वडा नं. १० | |
| ४७ | राम शंकर थारू | सदस्य वडा मं. १० | |
| ४८ | सर्मिला चमार | दलित महिला सदस्य वडा नं. १० | |
| ४९ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| ५० | जगनारायण थारू | सदस्य वडा नं. ११ | |
| ५१ | बाजबुल लैन | सदस्य वडा नं. ११ | |
| ५२ | इमकला खत्री क्षेत्री | महिला सदस्य वडा नं. ११ | |
| ५३ | सावित्री वि.क. | दलित महिला सदस्य वडा नं. ११ | |
| ५४ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| ५५ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| ५६ | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ५७ | भक्तिराम मरासिनी | सचिव | |

# १८ औं नगरसभा अधिवेशन

## मिति:२०८२।०९।२८ गतेका निर्णयहरु:-

निर्णय नं. १ (१८औं) नगरसभाको कार्यूसूची तथा कार्यक्रम अनूसूची-१ बमोजिम अभिलेख गर्ने निर्णय गरियो।

निर्णय नं. २ नगर प्रमुखद्वारा १८औं नगरसभामा पेश भएको कार्यक्रम तथा चालु आर्थिक वर्षको अर्धवार्षिक प्रगति समिक्षा अनुसूची-२ बमोजिम अभिलेख गर्ने निर्णय गरियो।

निर्णय नं. ३ चालु आर्थिक वर्ष २०८२।०८३ को हालसम्म विविध कारणले कार्यान्वयन हुन नसकेका योजना तथा कार्यक्रमहरु, उपप्रमुख सिप विकास कार्यक्रम तथा मागमा आधारित नगर प्रमुख पूर्वाधार, योजना तथा कार्यक्रमहरु संसोधन, हेरफेर, थपघट गरी विनियोजन ऐन, २०८२ संसोधन गर्ने (संसोधन गरिएका योजना तथा कार्यक्रमहरु अनुसूची -३ मा अभिलेख राख्ने) सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ४. विधायन समितिका संयोजकद्वारा १८औं नगरसभामा पेश गरिएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ स्वीकृत गरी ऐनको रुपमा कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो। पेश भएको विधेयकको संक्षिप्त रुप अनुसूची-४ मा अभिलेख गर्ने निर्णय गरियो।

निर्णय नं. ५ नगर प्रवक्ता श्री बिष्णुप्रसाद पौडेलमार्फत नगरसभामा राखेका सार्वजनिक महत्वका प्रस्तावहरुहरुलाई अनुसूची-५ बमोजिम अभिलेख राख्ने निर्णय गरियो।

निर्णय नं. ६ नगरसभामा आफ्ना भनाईहरु राख्ने सदस्यहरुले राखेका विषयवस्तु सहित नामावली अनुसूची-६ मा अभिलेख राख्ने निर्णय गरियो।

निर्णय नं. ७ तपसिलका आयोजनाहरु बजेट सुनिश्चित गरी जग्गा प्राप्तिको लागि प्रकृयामा जाने सर्वसम्मत निर्णय गरियो।

| सि.नं. | योजना | वडा नं. | रकम सुनिश्चितता |
|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन केन्द्र | ९ | ८ करोड |
| २ | नगर बसपार्क | ४,५ | ८ करोड |
| ३ | बुद्ध रङ्गशाला | १,४ | ७ करोड |
| ४ | मायादेवी रङ्गशाला | ८ | ५ करोड |
| ५ | आयुर्वेद स्वाश्थ्यकेन्द्र | ८ | ५ करोड |
| ६ | कृषि उपज संकलन केन्द्र | ११ | १० करोड |
| ७ | एनिमल रिसर्च सेन्टर | ८ | ६ करोड |
| ८ | सांस्कृतिक संग्राहलय | | ५ करोड |
| ९ | बहुउद्देश्यीय सभाहल | ५ | १० करोड |
| १० | औधोगिकग्राम | ९ | ५ करोड |

CamScanner

**निर्णय नं. ८** तपसिलका आयोजनाहरु बहुवर्षिय आयोजनाको रुपमा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | नगर चक्रपथ | विभिन्न वडा | अधुरो |
| २ | कृषि उपज संकलन केन्द्र | वडा नं. ३ र ११ | अधुरो पूर्वाधार |
| ३ | जनज्यति मा.वि. भवन निर्माण | वडा नं.७ | अधुरो पूर्वाधार |
| ४ | आयुर्वेद स्वास्थ्य केन्द्र भवन निर्माण | वडा नं. ८ | नयाँ भवन निर्माण |
| ५ | पिपरा अस्पताल भवन निर्माण | वडा नं.२ | थप भवन आवश्यक |

**निर्णय नं. ९** संघीय विशेष कार्यक्रम अन्तर्गत नगरपालिकालाई पूर्ण सरसफाई उन्मुख नगरपालिका घोषणा गर्न विपन्न नागरिक खानेपानी धारा जडान र शौचालय निर्माण तथा सार्वजनिक शौचालय निर्माण गरी पूर्ण सरसफाई, वृक्षारोपण तथा वातावरण संरक्षण जस्ता राष्ट्रिय अभियान सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०** नगरपालिकालाई पोषणमैत्री नगरपालिका घोषणा गर्न तोकिएका सूचकहरु पुरा हुनेगरी अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** राष्ट्रिय तथा प्रादेशिक सामाजिक अभियानहरु र नगरपालिकाले घोषणा गरेका पूर्व घोषित अभियानहरुको दिगोपना सुनिश्चितताको लागि कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १२** नगर पालिकालाई आत्मनिर्भर बनाउन राजस्व परिचालन तथा आय सुनिश्चित कार्यक्रमलाई अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १३** दिगो विकास लक्ष्य प्राप्तिको लागि हालै प्रकासित गरिविको तथ्याङ्कलाई मध्यनजर गरी सीप विकास तथा रोजगारी श्रृजनाको आन्तरीक अभियान सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १४** प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी (विद्यालय सहायक (लेखापाल) र विद्यालय सहयोगी) को थप पारिश्रमिक देहाय बमोजिम उपलब्ध गराउने सर्व सम्मत निर्णय गरियो ।

| क्र.सं | पद | थप गरिएको पारिश्रमिक | कुल पारिश्रमिक रकम) (संघीय र स्थानीय |
|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास सहजकर्ता/शिक्षक | ९०००/- | २१०००/- |
| २ | विद्यालय सहायक (लेखापाल) | ९०००/- | २४०००/- |
| ३ | विद्यालय सहयोगी | ९०००/- | १९०००/- |

**निर्णय नं. १५.** प्रस्ताव नं १७.२.७ सभा बैठक, तालिम, अन्तक्रिया, दिवस नर्मस संशोधनः सिप विकास तालिम (शैक्षिक सामग्री निर्माण) सञ्चालन गर्दा प्रति सहभागी ५ दिन सम्मको हकमा रु.१६० र सो भन्दा वढी समयावधिको हकमा १४० का दरले प्रति दिन शैक्षिक सामग्री निर्माणका लागि आवश्यक सामग्री नियमानुसार खरिद गरि प्रयोग गर्न सकिनेछ ।

**निर्णय नं. १६.** पुष मसान्त सम्म निरन्तर रुपमा करार सेवा तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको २०८३ असार मसान्त सम्मको लागि म्याद थप गरी सम्झौता गर्ने र सम्झौता अनुसार कामकाजमा लगाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १७.** १७औं नगरसभाबाट स्वीकृत चालु आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रमको चालु तथा प्रशासनीक खर्च तर्फ शिर्षक अन्तरगत योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा छुट्टिएको बजेट रकमबाट यस नगरपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको सामाजिक सुरक्षामा आवद्ध गर्ने आवद्ध गर्दा खाईपाई आएको तलबको कम्तिमा साठी प्रतिशतलाई आधार मानी सो को २० प्रतिशत कार्यालयको तर्फबाट र कर्मचारीको ११ प्रतिशत कट्टी गरी कूल ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा व्यवस्था गर्ने सर्वसम्मत निर्णय गरियो। संघीय तथा प्रदेश विशेष कार्यक्रम तर्फ कार्यरत कर्मचारीहरुको हकमा पारिश्रमिक स्रोतमा बजेटको व्यवस्था भएमा सामाजिक सुरक्षा कोषमा सहभागी गराउन सकिने समेत निर्णय गरियो ।

**निर्णय नं. १८.** राजस्व चुहावट रोक्न, नदिजन्य पदार्थको चोरी निकासीलाई रोक्न र मुख्य मुख्य बजारहरुमा भिडभाड हुन नदिने व्यवस्था मिलाउन र आन्तरीक सुरक्षालाई व्यवस्थित र मर्यादित बनाउन नगरप्रहरीहरुलाई ब्यारेक प्रणालीमा व्यवस्था गरी आवश्यक पर्दा जुनसुकै बखत कामकाजमा खटाउन उपयुक्त हुने भएकोले नेपाल प्रहरी तर्फ जिल्ला दरबन्दी अनुसार उपलब्ध गराउँदै आएको नियमानुसारको रासन भत्ता (सम्झौतामा उल्लेख भए बमोजिम) उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १९.** दशैं तिहारको लामो विदामा पालो पहरामा खटिने सहयोगी कर्मचारीहरुलाई जिल्ला दररेट अनुसार तोकिएको न्यूनतम ज्यालाका दरले खटिएको दिनको सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २०.** बाणगंगा नगरपालिका विपन्न नागरिक आधारभूत खानेपानी तथा सरसफाई कार्यक्रम सञ्चालन वडा नं १,-११ सम्म विशेष कार्यक्रममा विनियोजन भएको बजेट रकमलाई देहाय वमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. विपन्न नागरिक खानेपानी धारा जडान २५लाख

२. विपन्न नागरिक शौचालय निर्माण ५०लाख

३. सार्वजनिक तथा संस्थागत शौचालय निर्माण १५लाख

**निर्णय नं. २१** महालेखा परीक्षकको प्रतिवेदन अनुसार सम्परीक्षण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २२** हालसम्मका जाँचपास र फरफारक योजना र कार्यपालिकाले गरेका निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २३** विभिन्न सार्वजनिक सुनुवाई, हेलो बाणगङ्गा पोर्टल, ईमेल, हेलो सरकार लगाएत विभिन्न ठाउँहरुबाट प्राप्त हुने गुनासाहरुलाई सम्बोधन र समाधानको लागि संस्थागत गर्दै लैजाने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २४** अन्तरनिकाय समन्वय र जि.स.स.बाट प्राप्त निर्णय र परिपत्रहरुको कार्यान्वयन कार्यलाई अनुमोदन गर्ने र आगामी दिनमा परिपत्रहरुको कार्यान्वयनलाई जोड दिने सर्वसम्मत निर्णय गरियो ।

CamScanner

अनुसूची १

(निर्णय नं. १ सँग सम्बन्धित)

# बाणगङ्गा नगरपालिका

## अठारौं नगर सभा

**अठारौं नगर सभाको कार्यसूची र समय तालिका**

सभा सङ्ख्या: १८ — सभा सञ्चालन स्थान: बाणगङ्गा नगरपालिकाको सभाहल

अध्यक्षता: श्री चक्रपाणी अर्याल — बैठक बस्ने समय: ११:००बजे

मितिः२०८२।०९।२८ सोमबार

| मिति | समय | कार्य सूची | सञ्चालन तथा कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०९।२८ | ११:०० | राष्ट्रिय गान | | |
| २०८२।०९।२८ | ११:०५ | सभाको अध्यक्षता | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| " " | ११:१० | कार्यक्रम शुरु भएको घोषणा, सम्बोधन शहिदहरु प्रति मौनधारण | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| " " | ११:१५ | प्रगति विवरण प्रस्तुत (अर्धवार्षिक समीक्षा सहित) | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | १२:०० | चालु आ.व. २०८२।०८३ को योजना, कार्यक्रम तथा बजेट संशोधन र अत्यावश्यक योजनाहरूको बजेट विनियोजन | नगर उपप्रमुख श्री रीता कुमारी चौधरी | |
| | १२:२० | विधेयक प्रस्तुत (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक) | विधायन समिति संयोजक श्री बाबुराम अर्याल | |
| | १२:५० | समसमयिक तथा सार्वजनिक महत्त्वका विषयहरू प्रस्तुत | नगर प्रवक्ता श्री विष्णु प्रसाद पौडेल | |
| | १:१५ | नगर सभाबाट निर्णय गर्नुपर्ने विविध प्रस्तावहरू | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | १:४५ | शुन्य समय प्रारम्भ | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | २:०० | नगर सभामा उठेका विषयहरुको सम्बोधन | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | २:२० | नगर सभा समापन | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |

**छलफलको समय तालिका**

| मिति | बैठक बस्ने समय | कार्य सूची | प्रस्ताव प्रस्तुतकर्ता | छलफलमा बोल्ने सदस्यहरुको नाम र तोकिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

CamScanner